जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २४३ पृष्ठः ४ | २०८२ माघ ०५ सोमबार (Monday 19 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## उद्योग वाणिज्य संघ लहानमा प्रदीप गुप्ताको प्यानल विजयी



**मणिलाल विश्वकर्मा**

लहान, ४ माघ। सिरहाको लहानस्थित जिल्ला उद्योग बाणिज्य संघमा मुख्य पदाधिकारीसहित प्यानल नै विजयी भएको छ। संघको कार्यसमितिको अध्यक्षमा प्रदिप गुप्ता ५१३ मतान्तरले (एक हजार ७५० मत) निर्वाचित हुँदा निकटतम् प्रतिद्वन्द्वी श्याम गुप्ताले एक हजार २३७ मत प्राप्त गरे। निर्वाचन समितिले आइतबार अपराह्न घोषणा गरेको अन्तिम मत परिणामअनुसार बरिष्ठ उपाध्यक्षमा प्रदिप प्यानलका सुनिलकुमार चौधरी एक हजार ७६२ मतसहित निर्वाचित भएका छन् भने उनका निकटतम् प्रतिद्वन्द्वी अजयकुमार चौधरीले एक हजार १८३ मत पाएका छन्।

त्यस्तै, बाणिज्य उपाध्यक्षतर्फ बसन्तकुमार साह एक हजार ७५० मतसहित निर्वाचित हुँदा प्रतिद्वन्द्वी विनोदकुमार साहले एक हजार १४१ मत पाए। महासचिव रविन्द्रकुमार श्रेष्ठ एक हजार ७०८ मतसहित निर्वाचित भएका छन् भने निकटतम् प्रतिद्वन्द्वी मनोजकुमार महतोले एक हजार २२४ मत प्राप्त गरेका निर्वाचन समितिले जनाएको छ। प्रदिप प्यानलकी खुश्बु जैसवाल दुई मतान्तरले २२ मतसहित प्रतिद्वन्द्वी पशुपति साहलाई हराएर एशोसियट उपाध्यक्षमा निर्वाचित भएकी छिन्। बस्तुगत उपाध्यक्षतर्फ रामउद्गार महतो र सदस्य शंकरप्रसाद गुप्ता यसअघि नै निर्वाचित भइसकेका प्रमुख निर्वाचन अधिकृत उद्धव हमालले जानकारी दिए।

संघको कोषाध्यक्ष पदमा बद्रीनारायण चौधरी एक हजार ७१९ मतसहित निर्वाचित हुँदा प्रतिद्वन्द्वी सत्यनारायण महतोले एक हजार २१३ मत पाए। सचिवमा अमरनाथ साह एक हजार ७१५ मतसहित निर्वाचित हुँदा उनका प्रतिस्पर्धी सकल साह रौनियारले एक हजार २०८ मत ल्याएका छन्। संघको दुई महिला सदस्यमा

**–बाँकी दुई पेजमा**

## सडक सुरक्षाप्रति लापरबाहीले दुर्घटना बढ्दो

सिरहा, ४ माघ। सडक सुरक्षाप्रति पर्याप्त ध्यान नदिँदा सिरहामा सवारीसाधन दुर्घटना बढ्दै गएको छ। चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो छ महिनामा (साउनदेखि पुससम्म) यहाँ भएका सवारी दुर्घटनामा ३९ जनाले ज्यान गुमाएका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार दुर्घटनामा मृत्यु हुनेमध्ये ३० जना पुरुष, पाँच जना महिला र चार जना बालबालिका रहेका छन्। उक्त अवधिमा सवारीसाधन दुर्घटनामा परेर ३४५ जना गम्भीर र ७४२ जना सामान्य घाइते भएका कार्यालय प्रमुख प्रहरी निरीक्षक सालिकराम तिमिल्सिनाले जानकारी दिए।

छ महिनाको अवधिमा सबैभन्दा बढी मोटरसाइकल दुर्घटना भएको तथ्याङ्कले देखाएको छ। उपलब्ध विवरणअनुसार ४९८ मोटरसाइकल, ५८ वटा ई-रिक्सा (टेम्पो), २१ वटा ट्र्याक्टर र २० वटा ट्रक तथा ट्याङ्कर दुर्घटनामा परेका छन्। यहाँ गत आव २०८१/८२ मा ८३ जना र आव २०८०/८१ मा ६८ जनाको दुर्घटनामा ज्यान गएको थियो। ट्राफिक प्रमुख तिमिल्सिनाले सवारीसाधन दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले सवारीसाधनमा 'रिफ्लेक्टर' टाँस्ने अभियान सञ्चालन गर्नुका साथै विद्यालय तहमा सडक सुरक्षासम्बन्धी सचेतनामूलक कार्यक्रमलाई तीव्रता दिएको बताए।

दुर्घटना कम गर्न सवारी चालक मात्र नभई पैदलयात्री र स्थानीय बासिन्दा पनि उत्तिकै सचेत हुन आवश्यक रहेको उनको भनाइ छ।

**हार्दिक श्रद्धाञ्जली**



जन्म : वि. सं. २०२०

स्वर्गारोहण : वि. सं. २०८२/०९/२३

**स्व. शान्ति देवी गुप्ता**

यस कम्पनीको मुलपानी स्थित डिलर भ्याली रोड मोटर्स प्रा. लि.का प्रोप्राइटर **श्री राजेश गुप्ता**का ममतामयी माता श्रीमती **शान्ति देवी गुप्ता**को असामयिक निधन भएको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, यस दुःखद घडीमा शोक सन्तप्त परिवारलाई धैर्यधारण गर्न सक्ने शक्ति मिलोस् भनी ईश्वरसँग प्रार्थना गर्दछौं।

MAW KEEPING COMMITMENTS, BUILDING TRUST

एम.ए.डब्लु राईड्स प्रा. लि.
परिवार

YAMAHA RACING

# सम्पादकीय

## सम्पत्ति शुद्धीकरणको अभियोग राजनीतिक स्वार्थमा फिर्ता !

निष्पक्ष निर्वाचन गराउने मूल कार्यभार भएको सरकारको संस्थागतरूपमै कुनै पार्टी र व्यक्ति विशेषप्रति झुकाव बढ्दै गयो भने निर्वाचनमै प्रश्न उठ्न सक्छ। चुनाव भएन वा चुनावको निष्पक्षतामा सन्देह उत्पन्न भए सरकारको औचित्यमात्र होइन अस्तित्व नै सङ्कटमा पर्छ। प्रधानमन्त्री सुशीला कार्कीको सरकार भने यस्ता विषयमा गम्भीर भएको देखिएन। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेविरुद्ध चलेका मुद्दाहरूमध्ये संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग संशोधनमार्फत फिर्ता लिने महान्यायाधिवक्ताको निर्णयले नेपाली राज्यको कानुनी र नैतिक आधारमा नै गम्भीर प्रश्न खडा गरेको छ। यस निर्णयलाई सामान्य प्रक्रियागत त्रुटि मान्न सकिँदै। यो त विधिको शासनमाथि कार्यकारी हस्तक्षेपको खतरनाक उदाहरण हो।

महान्यायाधिवक्तालाई कानुनले सरकारवादी मुद्दा चलाउने, नचलाउने वा सरकारको तर्फबाट प्रतिरक्षा गर्ने अधिकार दिएको छ। तर अदालतमा विचाराधीन भइसकेको, संगठित अपराध र सम्पत्ति शुद्धीकरणजस्ता गम्भीर प्रकृतिका मुद्दा मूलतः व्यक्तिलाई लक्षित गरी संशोधन वा फिर्ता लिनु संविधान, प्रचलित कानुन र सर्वोच्च अदालतका स्थापित नजिरहरूसँग बाझिन्छ। यसैले होला फौजदारी कानुनका विज्ञहरू, पूर्वमहान्यायाधिवक्ता र संविधानविद्हरूले महान्यायधिवक्ताको यस निर्णयलाई कानुनविपरीत भनेका हुनुपर्छ। यस प्रकरणलाई अझ गम्भीर बनाउने पक्ष यसको राजनीतिक नियत र समय हो। प्रतिनिधिसभा निर्वाचन ऐन र अन्य कानुनी प्रावधानले संगठित अपराध र सम्पत्ति शुद्धीकरणजस्ता कसुरमा सजाय पाएको वा मुद्दा चलेको व्यक्तिलाई निश्चित समयसम्म चुनाव लड्न नपाउने व्यवस्था गरेको छ। यसैले अभियोग संशोधनको यो प्रयास आसन्न निर्वाचनलाई लक्षित गरी गरिएको हो भन्ने शंका स्वतः उब्जिन्छ। सरकार कुनै एक दल वा व्यक्तिको पक्षमा उभिन थालेको संकेतले लोकतान्त्रिक प्रतिस्पर्धाको आधारलाई नै कमजोर बनाउँछ।


महान्यायाधिवक्ताले जसनसुकै कारणले यो निर्णय गरेको भए पनि त्यसको सम्पूर्ण जिम्मेवारी प्रधानमन्त्रीले लिनुपर्छ। संविधानतः पनि महान्यायाधिवक्ता प्रधानमन्त्रीप्रति उत्तरदायी हुने व्यवस्था छ। यसैले पनि सरकारसँग निकट मानिने व्यक्तिहरू सामेल भएको रास्वपाका सभापतिलाई अदालतबाहिरै चोख्याउने प्रयासको दोष प्रधानमन्त्रीलाई लाग्छ। यो निर्णय निर्वाचनमा जान नचाहने पक्ष सरकारको विरोधमा उत्रने निहुँ बन्न सक्छ। नेपाल अहिले फाइनान्सियल एक्सन टास्क फोर्सको 'ग्रे–लिस्ट'मा हुनु यसै निर्णयसँग जोडिएको अर्को गम्भीर सन्दर्भ हो। विगतका यस्तै लापरबाही, राजनीतिक हस्तक्षेप र कमजोर नियमनका कारण मुलुक त्यहाँ पुगेको हो। त्यसबाट बाहिर निस्कन कठोर र विश्वसनीय नियमन आवश्यक भएका बेला सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता लिने सरकारको निर्णय राष्ट्रहितविपरीत हुने देखिन्छ। यसले अन्तर्राष्ट्रिय समुदायमा नेपाल कानुनी शासन र सम्पत्ती शुद्धीकरणजस्ता अपराधप्रति गम्भीर छैन भन्ने सन्देश जान्छ।

रवि लामिछाने दोषी वा निर्दोष भन्ने विषय अदालतमा विचाराधीन हुँदा त्यहीबाट निरुपण हुन दिनुपर्छ भन्ने पूर्वप्रधान न्यायाधीश रहिसकेकी प्रधानमन्त्री कार्कीलाई अरू कसैले सम्झाउनु पक्कै पर्दैन। यसैगरी कानुन सबैका लागि समान हुन्छ। सम्पत्ति शुद्धीकरणका अरू मुद्दाका अभियुक्तलाई पनि यसरी नै उन्मुक्ति दिने हो रु। कानुन राजनीतिक शक्तिको सुविधाअनुसार मोडिन थाल्यो भने लोकतन्त्र नाराम‍ा सीमित हुन्छ। विगतको यही प्रवृत्तिबाट आजित भएर जेन–जी आन्दोलन भएको हो। यस्तो गम्भीर विषयलाई अदालतले सरकारले निर्णय गरेकै भरमा फिर्ता लिने अनुमति नदिन सक्छ भन्ने महान्यायाधिवक्तालाई पनि पक्कै थाहा हुनुपर्छ। महान्यायाधिवक्ताको निर्णयलाई चुनावमा राजनीतिक प्रचारवाजीको विषय भने बनाइन सक्छ। यत्तिका लागि राज्यकै विश्वसनीयता र सरकारको छविमा दाग लाग्ने निर्णय बदनियत होइन भने राज्यको महान्यायाधिवक्ताको योग्यतामै प्रश्न उठ्ने मूर्खता हो।

सरकार र महान्यायाधिवक्ताले यो निर्णय तत्काल पुनर्विचार नगरे देशले तिर्नुपर्ने मूल्य संवैधानिक र अन्तर्राष्ट्रिय स्तरमा धेरै ठूलो हुनेछ। सम्भवतः यही कारणले नेपाल बार एसोसिएसनले यस निर्णयको विरोध गर्दै स्वतन्त्र न्यायपालिका र फौजदारी न्याय प्रणालीमाथि आघात पुगेको ठहर गरेको हो। यस्तो अवस्थामा राष्ट्रपतिले पनि प्रधानमन्त्रीलाई उचित परामर्श दिनु अहिलेको समयमा उपयुक्त हुने देखिन्छ।

# टिम गगनको अग्निपरीक्षा

### महाधिवेशनको विवादमा सबैभन्दा अलमलमा परे डा. शेखर कोइराला, विद्रोहको पक्षमा उभिएको भए जुन अपेक्षित पनि थियो उनी सभापति हुनसक्थे



गोविन्द अधिकारी

सङ्कटमा नेतृत्वको परीक्षा हुन्छ भन्ने कथन गगन थापाका हकमा अहिले ठ्याक्कै चरितार्थ भएको छ। नेपाली कांग्रेसको नेतृत्व पुस्तान्तरण, जेनजी आन्दोलनले राजनीतिमा ल्याएको दबाब र पार्टीभित्रको गतिहीनता अन्त्यको संगममा आज गगन थापा उभिएका छन्। यद्यपि यो गगनको मात्रै अग्निपरीक्षा भने होइन। कांग्रेस नयाँ बन्ने कि पुरानै संस्करणमा थाङिन्ने भन्ने प्रश्नको पनि उत्तरको खोजी हो। नेपाली कांग्रेसका महामन्त्रीका रूपमा बितेका चार वर्षलाई फर्केर हेर्दा गगन थापा उनका पूर्ववर्ति अकर्मण्य महामन्त्री शशाङ्क कोइरालाभन्दा धेरै फरक देखिएनन्। संगठन, अनुशासन र निर्णय प्रक्रियामा अपेक्षित सार्थक हस्तक्षेप गर्न नसक्नु गगनको कमजोरी नै हो। तर जेनजी आन्दोलनपछि पार्टीलाई जीवन्त राख्न उनले लिएको राजनीतिक जोखिम भने सामान्य होइन। कांग्रेसमा पछिल्ला दशकहरूमा मौलाएको 'सुरक्षित मौनता' तोडेर उनले जोखिम उठाए। त्यसैले उनलाई नेताका रूपमा स्थापित गरेको हो।

यसबीच अगिल्ला पुस्ताका शेखर कोइरालाको दुबिधा र पूर्णबहादुर खड्काको अकर्मण्यताले नेपाली कांग्रेसलाई सङ्कटतर्फ धकेलेको हो। अहिले पार्टी संगठनलाई यथास्थितिमा राख्न सकिने अवस्था थिएन। नेतृत्व परिवर्तन नहुनु कांग्रेसका लागि मन्दविष सेवनसरह हुन्थ्यो। कम्तीमा अब कांग्रेस देशका अरू दलहरूभन्दा प्रगतिशील र जीवन्त त देखिएको छ। यस अर्थमा पूर्णबहादुर खड्काहरूले गगनकुमार थापा र विश्वप्रकाश शर्मालाई पार्टीलाई मृत्युशय्याबाट उठाएकोमा धन्यवाद भन्नुपर्छ। पार्टी सिध्याएको आरोप त अब लाग्दैन नि !

अब शेरबहादुर देउवाले नेतृत्वबाट हट्नुपरेकोमा तातो रिस गर्नु शोभनीय र कांग्रेसी संस्कारअनुरूप भएन। हुन त देउवा पद छाड्नुभन्दा पार्टी नै छाड्ने (फुटाउने) व्यक्ति हुन्। तर, अहिले उनका लागि अब पद होइन पार्टीको अस्तित्व प्रिय हुनुपर्छ। चुनावको मुखमा थप रडाको मच्चाउँदा उनकै प्रतिष्ठा गुम्ने हो। कांग्रेसको हित र आफ्नो इतिहास जोगाउन चाहने हो भने देउवाले गगनले प्रस्ताव गरेजस्तै 'अभिभावक' हुन रोज्नुपर्छ। महाधिवेशनको विवादमा सबैभन्दा अलमलमा परे डा. शेखर कोइराला। विद्रोहको पक्षमा उभिएको भए जुन अपेक्षित पनि थियो उनी सभापति हुनसक्थे। नभए पनि त्यस कांग्रेसका वरिष्ठतम नेता हुन्थे। पार्टीलाई जीवन दिएको जस पनि पाउँथे। तर शेखरमा 'ह्यामलेटियन दोधार' बलियोसँग जरा गाडेको रहेछ। गिरिजाप्रसाद कोइरालाबाट दीक्षित शेखरमा यस्तो दोधार पटक्कै सुहाएन। यसले उनको राजनीतिक र व्यक्तिगत पनि छवि धमिलो बनाएको छ। अब शेखरका लागि पनि समयको पदचाप सुनेर पार्टीमा भएको परिवर्तनको यथार्थ आत्मसात् गरेर अगाडि बढ्नु श्रेयस्कर हुनेछ।

कांग्रेसको आधिकारिक उमेदवार नभई चुनाव जित्ने आँट एकाध कांग्रेसीमा मात्र होला। तिनीहरू प्रायः गगनकै पक्षमा देखिन्छन्। सबैजसो क्षेत्रबाट उमेदवार सिफारिस पनि भइसकेको छ। यस्तो अवस्थामा अब पहिलेको विवाद र असहमति सबै छाडेर जित्ने उमेदवार उठ्ने र उठाउने गर्नु नेपाली कांग्रेस र नेपालको लोकतन्त्रको हितमा हुनेछ। पार्टी त छँदैछ। गगनले वैशाखमा महाधिवेशन गर्ने भनेकै छन्। कार्यकर्तालाई गगनले अन्याय गरे भन्ने लाग्यो भने हराइदिन्छन्। नियमित महाधिवेशन गरिएको भए यति बबण्डर हुने नै थिएन।

गगनको टिममा मूलतः पार्टीका पदाधिकारीमा राष्ट्रिय व्यक्तित्व बनाइसकेका परिपक्व नेताहरू नै छन्। यसैले तिनले नेपाली कांग्रेसको इतिहास, परम्परा र संस्कार बुझेकै छन्। उमेदवारी चयन गर्न संसदीय बोर्डमा पनि यिनै छन्। तिनको पहिलो कसी उमेदवार चयनमा लाग्नेछ। देउवाकै शैलीमा पारदर्शिता नअपनाई खल्तीबाट उमेदवार पक्कै छानिनेछैनन्। यद्यपि, यसैपटक नयाँ प्रक्रिया अपनाउन सम्भव छैन तर तल्लोतहबाट सिफारिस भएरै नआएकालाई उमेदवार पक्कै बनाउनेछैनन् होला नि !

यसैगरी अर्को परीक्षा हुनेछ कांग्रेसको सद्भाव र सहमतिको संस्कार तथा नवीन राजनीतिक सोचको समन्वय गरेर जाने विषयमा। अग्रजहरूप्रतिको सम्मानसँगै पछिल्लो पुस्तालाई पनि स्थान दिने संस्कार थियो कांग्रेसमा। कम्युनिस्टहरूसमेत हावाहुरी आउँदा कांग्रेसको रुखमा ओत लाग्थे। सत्तोसराप गर्नेहरूले पनि लुक्नुपर्दा कोइराला निवास वा चाक्सीबारीमा ठाउँ पाउँथे। अब गगनको टिमले यही उदारता स्थापित गर्न सक्नुपर्छ।

कांग्रेसमा पहिले कार्यकर्ता र नेताबीच दूरी हुँदैनथियो। बसउठ र खानपान नेता र कार्यकर्ताको उस्तै हुन्थ्यो र बीपी, गणेशमान, कृष्णप्रसादको स्मरण त्यसै गर्दिन। उनीहरू नेता भएर पनि कार्यकर्ताकै बीचमा हुन्थे। गगनले नेपाली कांग्रेसभित्र पुनःस्थापित गर्नुपर्ने संस्कार यही हो। कार्यकर्ताले नेतालाई आफूजस्तै ठान्ने परिस्थिति निर्माण। नेता बा होइन दाइ हो कांग्रेसमा। सँगै उभिने एउटै भागको खाने।

टिम गगनको अर्को परीक्षा पार्टी सञ्चालनकै क्रममा हुनेछ। गगनका महामन्त्री र उपसभापतिसमेत उनका समकालीन र वरिष्ठहरू छन्। तिनीहरूमध्ये कसैले पनि हेपिएको ठाने भने विद्रोह वा असहयोग हुनसक्छ। समकालीनहरूको टिम मिलाएर लैजानु पक्कै सजिलो हुँदैन। यसमा परेका बेला गगनले नै स्वार्थ त्याग गर्नुपर्ने हुनसक्छ। गगनको विद्रोहलाई धेरैतिरबाट सराहना गरिएको छ। कतिपय कम्युनिस्टहरू त चुकचुकाएका देखिएका छन्। यो सकारात्मक हो। अब प्रतिक्रियावादी कित्ता पूरै गगन र कांग्रेसविरुद्ध खनिनेछ। यस्तोमा विशेषगरी गगनले संयम पनि देखाउन सक्नुपर्छ। 'लास र दास' वाला भाषणमा 'कांग्रेसमा बा' छैनन् नभनेको भए सायद एमाले नेताहरूको प्रतिक्रिया आउने थिएन। चुनावमा हुने अनर्गल प्रचारको प्रतिवाद पनि गर्ने तर अर्घेलो पटक्कै नदेखिने रणनीति अपनाउनु वाञ्छित हुनेछ।

अन्त्यमा

नवनिर्वाचित सभापति गगन थापाले वाचा गरेका छन्, "जुन विश्वासका साथ सभापतिको जिम्मेवारी सुम्पिनुभएको छ, तपाईंहरू कसैको पनि शिर निहुरिने अवस्था आउने दिने छैन, उनले भने, नेपाली कांग्रेस पार्टीको शान राख्छु। यो पार्टीमा लाग्ने तमाम साथीहरूले नेपाली कांग्रेस भएकामा गौरव गर्ने बनाउँछु। नागरिकलाई अप्ठयारो अवस्थामा कांग्रेस छ भन्ने काम पार्टीले गर्नेछ।" यसैगरी डा. शेखर कोइरालाले नियतिको खेल स्वीकार गर्दै आत्मसमीक्षा गरेका छन 'कांग्रेसलाई एकताबद्ध राख्ने हाम्रो भगीरथ प्रयास सफल हुन सकेन। यसको पछाडि को दोषी को निर्दोष भन्ने कुरा गरेर राष्ट्रिय राजनीतिलाई थप धूमिल पार्न म चाहन्न। हामी सबै कहीं न कहीं चुकेको कुरा स्वीकार्न मलाई कुनै संकोच छैन।' यी दुवै आआफ्ना वचनमा दृढ रहुन्। बाह्रखरीबाट

# सप्तरी–२ : सीके राउत दोहोरिने, उपेन्द्र यादवको क्षेत्र गोप्य

काठमाडौँ, ४ माघ। अघिल्लो निर्वाचनमा सप्तरी क्षेत्र नम्बर २ निकै चर्चामा थियो। त्यहाँ मधेसको स्थापित दल जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र वैकल्पिक भनिएको जनमत पार्टीका अध्यक्ष डा. सीके राउत आमनेसामने भएका थिए। निर्वाचनमा राउतले यादवलाई भारी मतान्तरले पराजित गरेका थिए। यसपटक पनि यो क्षेत्रमा धेरैको चासो छ। तर यसपटक यादव र राउत आमनेसामने नहुने भएका छन्। किनकि उनीहरूको दल लोकतान्त्रिक मोर्चामा आवद्ध भएकाले चुनावी तालमेल हुने सहमति भएको छ। यस्तोमा सप्तरी–२ मा डा. सीके राउतले दोहोरिने संकेत दिएका छन् भने उपेन्द्र यादव कुन क्षेत्रमा चुनाव लड्लान् भन्ने गोप्य राखिएको छ।

जनमत पार्टीले राउतले नै त्यस क्षेत्रबाट उम्मेदवारी दिने बताइसकेको छ। जसपा नेपालका नेताहरुले उपेन्द्र यादव सप्तरीबाटै चुनाव लड्ने भनेपनि खुलाएका छैनन्। 'उपेन्द्र यादव सप्तरीबाट चुनाव लड्नुहुन्छ। तर कुन क्षेत्रबाट लड्नुहुन्छ त्यो गोप्य राखिएको छ,' जसपा नेपालका एक नेताले भने, 'मोर्चामा रहेका दलहरुका शीर्ष नेताबिच छलफल हुन बाँकी छ। मोर्चामा सहमति भएपछि उपेन्द्र यादवको क्षेत्र पनि टुङ्गो लाग्छ।' डा. राउतको सचिवालयका अनुसार सप्तरी–२ बाट चुनाव लड्नका लागि तयारी गरिरहेका छन्। यद्यपि लोकतान्त्रिक मोर्चाले हालसम्म कुनै निर्णय गरेको छैन।

जसपा नेपालले मोर्चामा रहेका शीर्ष नेताहरु राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो, जनमत पार्टीका अध्यक्ष डा. सीके राउत र नागरिक उन्मुक्ति पार्टी नेपालका संरक्षक रेशम चौधरी एकापसमा नभिड्ने सहमति रहेको बताउँछन्।

## उद्योग वाणिज्य ...

प्रदिप प्यानलका जानुका कुमारी पराजुली र अनुपम भ्ऩासहित खुला सदस्यतर्फ बिन्देश्वर महतो, नयनकुमार यादव, वसिम अकरम, मुरारीप्रसाद साह र रामप्रकाश साह (प्रकाश) निर्वाचित भएका निर्वाचन समितिले जनाएको छ।

संघको ३५औं वार्षिक साधारणसभा तथा २६औं अधिवेशनअन्तर्गत गत २ पुसमा उद्घाटन भई शनिबार भएको मतदानमा चार हजार ५५ मध्ये तीन हजार ६६ जनाले मतदान गरेका थिए। संघको निर्वाचन गत ५ पुसका लागि तय भएको भए पनि निवर्तमान कार्यसमितिका महासचिवसमेत रहेका अध्यक्ष पदका प्रत्याशी श्याम गुप्तासहित दुईजनाले उच्च अदालत जनकपुर राजविराज इजलाशमा मुद्दा हालेपछि स्थगित भएको २५औं दिनपछि शनिबार मतदान भएको हो।

## श्री आधारभूत विद्यालय ईटाटार तेनुवापट्टी
**औरही गाउँपालिका-४, सिरहा**
**मधेश प्रदेश, नेपाल**

**शिक्षक विज्ञापन सम्बन्धमा**

मिति २०८२।१०।०४

प्रस्तुत सम्बन्धमा श्री आधारभूत विद्यालय इटाटार तेनुवापट्टी-४, औरही गाउँपालिका, गाउँ कार्यपालिकाको च.नं. ८३७, मिति २०८२।१०।०२ को विज्ञापन अनुमति पत्र र शिक्षा विज्ञापन विकास तथा समन्वय इकाई च.नं. ८३७, मिति २०८२।१०।०४ को विज्ञापन अनुमति पत्र र विद्यालय व्वस्थापन समितिको मिति २०८२।१०।०४ गतेको निर्णय अनुसार संघीय शिक्षण सिकाई अनुदार पदपूर्ति गर्नुपर्ने भएकोले मिति २०८२।१०।०४ गते देखि लागू हुने गरी योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

**तपसिल**

१. **विज्ञापन नं ०१।०८२।०८३**
पद : शिक्षक
विषय : अंग्रेजी
किसिम : संघीय शिक्षण सिकाई अनुदान
तह : नि.मा.वि.
शैक्षिक योग्यता : सम्बन्धित विष्माय १२ कक्षा उत्तीर्ण वा सो सरह
तलब स्केल : सरकारी नियमानुसार
आवश्यक कागजात : न्यूनतम शैक्षिक योग्याको प्रमाण पत्र तथा लब्धाङ्क पत्रको प्रतिलिपी, नेपाली नागरिकता प्रमाण पत्र, फोटा २ प्रति , निवेदन, शिक्षण अनुमति पत्र।
दस्तुर : रु.१५००।–

**विज्ञापन नं ०१।०८२।०८३**
पद : शिक्षक
विषय : गणित
किसिम : संघीय शिक्षण सिकाई अनुदान
तह : नि.मा.वि.
शैक्षिक योग्यता : सम्बन्धित विष्माय १२ कक्षा उत्तीर्ण वा सो सरह
तलब स्केल : सरकारी नियमानुसार
आवश्यक कागजात : न्यूनतम शैक्षिक योग्याको प्रमाण पत्र तथा लब्धाङ्क पत्रको प्रतिलिपी, नेपाली नागरिकता प्रमाण पत्र, फोटा २ प्रति , निवेदन, शिक्षण अनुमति पत्र।
दस्तुर : रु.१५००।–

१. ओवेदन दिने स्थान : श्री आ.वि. ईटाटार तनेवापट्टी
२. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
३. परीक्षा मिति : सम्पर्क मिति दिन तोकिनेछ।
४. परीक्षाको किसिम : लिखित, मौखिक (आवश्यक परेमा प्रयोगात्मक समेत हुनेछ।)
५. आवेदन दिने अन्तिम मिति : सूचना प्रकाशन भएको मिति देखि पन्ध्र दिन भित्र (२०८२।१०।१८ गते आइतबार) विद्यालय समय भित्र
६. दरखास्त विद्यालयको प्रशासन शाखामा दिन पाउने छ।

**प्रधानाध्यापक**


# कर्मचारी मिलन केन्द्र रौतहटको अध्यक्षमा यादव

**प्रवीणकुमार शर्मा**

रौतहट, ४ माघ। कर्मचारी मिलन केन्द्र रौतहटको शनिबार सम्पन्न साधारण सभाले जिल्ला हुलाक कार्यालय रौतहटका प्रमुख देवनाथ यादवको अध्यक्षतामा १९ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मत रूपमा चयन गरेको छ। केन्द्रको १२ औं साधारण सभाले वरिष्ठ उपाध्यक्षमा छोटेलाल दाश (जिल्ला निर्वाचन कार्यालय), उपाध्यक्षद्वयमा इन्दु राय यादव ( भेटेनरी तथा पशु अस्पताल विज्ञ केन्द्र) र तीलकुमारी ढकाल(रौतहट जिल्ला अदालत), महासचिवमा रंजय पटेल (भूमी सुधार तथा मालपोत कार्यालय गौर),सचिवमा रोशनीकुमारी श्रेष्ठ(गौर नगरपालिका),सह सचिवमा प्रमोद राय यादव (बौधीमाई नगरपालिका )तथा कोषाध्यक्षमा विनय कुमार झा(प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय चन्द्रपुर) चयन हुनु भएको छ।

यसैगरी, सदस्यहरूमा नागेन्द्र राय यादव (माधवनारायण नगरपालिका), अब्दुल रव अन्सारी (परोहा नगरपालिका), बामदेव मिश्र(साल्ट ट्रेडिङ क.लि.), अनिल कुमार कर्ण (जिल्ला स्वास्थ्य कार्यालय ), हरेन्द्रप्रसाद गुप्ता (गौर अस्पताल) ,कविता खाती (मौलापुर नगरपालिका), राहुल जयसवाल( कोष तथा लेखा नियन्त्रक कार्यालय), लक्ष्मी कर्ण (डिभिजन वन कार्यालय), सरोज मण्डल (कृषि ज्ञान केन्द्र) र तारकेश्वर पटेल( बौधीमाई नगरपालिका) रहनु भएको छ।१९ सदस्यीय कार्यसमितिमा १३ जना पुरानै अनुहार र ६ जना नयाँ अनुहार थपिएको छ।

कर्मचारी मिलन केन्द्रका विशेष संरक्षकमा रौतहट जिल्ला अदालतका माननीय न्यायाधिशहरू, संरक्षकमा प्रमुख जिल्ला अधिकारी, तथा सल्लाहकारमा जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरू पदेन सदस्यको रूपमा रहने व्यवस्था रहेको छ। दुई वर्षे कार्यकालका लागि गठित कर्मचारी मिलन केन्द्रको मुख्य उद्देश्य कर्मचारीहरू बिच आपसी सम्बन्ध सुदृढ गर्दै संस्थागत वातावरणलाई सहयोगी र प्रभावकारी बनाउनु रहेको छ।

मिलन केन्द्रका नवनिर्वाचित अध्यक्ष यादवले कर्मचारी-नागरिक सम्बन्धलाई थप मजबुत बनाई पेसागत धर्मलाई इमानदारितापूर्वक निर्वाह गर्न र सेवाग्राहीमैत्री व्यवहारलाई थप रचनात्मक बनाउन मिलन केन्द्रले संस्थागत भूमिका निर्वाह गर्ने बताउनु भयो। केन्द्रका कोषाध्यक्ष झाले केन्द्रमा १५ लाख ७२ हजार २ सय असी रुपियाँ ३० पैसा मौज्दात रहेको जानकारी गराउँदै अबको दिनमा विभिन्न सामाजिक कार्य मा केन्द्र अग्रसर हुने बताउनु भयो । कार्यक्रम केन्द्रका निवर्तमान अध्यक्ष दिपेन्द्र यादवको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# सुर्ती उद्योगको हस्तक्षेपमा नेपाल ४३औँ स्थानमा

काठमाडौं, ४ माघ। सुर्तीको कुनै पनि प्रचारप्रसार र प्रवर्द्धन गर्न नहुने कानूनी व्यवस्था भए पनि सुर्ती उद्योगले विभिन्न नाममा बजारीकरण गरिरहेका पाइएको छ। सामाजिक उत्तरदायित्वका नाममा सुर्ती उद्योगले सुर्तीको प्रवर्द्धन र प्रचारप्रसार गरिरहेका छन्। विश्वका १०० देशमा गरिएको सुर्ती नियन्त्रणमा उद्योगको हस्तक्षेपसम्बन्धी अध्ययन प्रतिवेदनमा नेपाल नेपाल ४३औँ स्थानमा रहेको छ। आज काठमाण्डौमा एक कार्यक्रमका बीच प्रतिवेदन सार्वजनिक भएको हो।

सबैभन्दा धेरै उद्योगको हस्तक्षेप हुने देशमा डोमिनी रिपब्लिक, स्विट्जरल्यान्ड र अमेरिका परेका छन्। प्रतिवेदअनुसार नेपाल सुर्ती उद्योगमा हस्तक्षेप गर्ने देशमा मध्यममा परेको छ। सुर्ती उद्योगको हस्तक्षेप नभएको देशमा ब्रुनाई एक नम्बरमा छ। सुर्ती नियन्त्रण तथा नियमण गर्ने ऐन कार्यान्वयनमा नगन्य मात्रामा मात्रै पालिकाले जिम्मेवारी बोध भइ काम गरेका छन्। सुर्तीमुक्त क्षेत्र घोषणा गर्ने पालिकामा अग्रस्थानमा ललितपुर महानगरपालिका छ भने गुटखा बेचेको पाएमा रुपन्देहीको सिद्धार्थ नगरपालिकाले कारबाही गर्ने व्यवस्था गरेको छ। रुपन्देहीकै तिलोत्तमा नगरपालिकाले ५० हजार रुपैयाँ जरिवाना तोकेको छ।

स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जालले गरेको अध्ययनमा नेपालमा सुर्ती उद्योगले नीतिगत तहमा नै प्रभाव पारेकै कारण सुर्तीको कर वृद्धि हुन नसकेको उल्लेख छ। प्रतिवेदनअनुसार सुर्ती उद्योगले सुर्तीजन्य पदार्थ नियन्त्रण ऐन र जनस्वास्थ्य ऐनको बर्खिलाप हुने गरि विद्यालयहरूलाई आर्थिक सहयोग दिने, एम्बुलेन्स खरिदलगायतमा सहयोग गरेर सुर्ती उद्योग खराब होइनन् भने भ्रम छर्ने काम गरिरहेका छन्।

पछिल्लो समय विद्यायल तथा कलेज जाने विद्यार्थीहरूले विद्युतीय चुरोट (भेप) तथा हुक्काको व्यापक प्रयोग गर्न थालेका र नेपालको बाटो हुँदै भेपको कारोबार हुने गरेकोमा चिन्ता बढेको छ। यसको आयातमा प्रतिबन्ध भए पनि प्रयोग तथा बिक्री/वितरणमा रोक लगाउन नसकेकाले कानून परिमार्जन आवश्यक रहेको अधिवक्ता ज्योति बानियाँले बताउनुभयो। सुर्तीले नागरिकको स्वास्थ्य मात्रै बिगार्ने नभइ समग्र सामाजिक, आर्थिक अवस्थासमेत बिगार्ने भएकाले उद्योगको हस्तक्षेपकारी कार्य रोक्न सबै एकजुट हुनुपर्नेमा सहभागीहरूले जोड दिएका छन्।

# बालबालिकाले लामो समय मोबाइल, कम्प्युटर र टिभी हेर्दा कम्मर दुख्ने समस्या बढाउने अध्ययनको निष्कर्ष

काठमाडौं, ४ माघ। बालबालिकाहरूले मोबाइल, कम्प्युटर र टिभी हेरेर बिताउने समयले कम्मर दुख्ने समस्या बढाउने नयाँ अध्ययनले देखाएको छ। हेल्थकेयर जर्नलमा हिजो प्रकाशित अध्ययन प्रतिबेदन अनुसार स्क्रिनको अगाडि बढी समय बिताउने बालबालिकामा ढाडको तल्लो भागमा दुख्ने समस्या बढ्ने जोखिम हुन्छ। विश्वभरबाट ६ देखि१८ वर्ष उमेर समूहका झन्डै ५८ हजार बालबालिकाहरूको तथ्याङ्क विश्लेषण गर्दै गरेको अध्ययनले स्क्रिन समयको हरेक थप घण्टाले बालबालिकामा कम्मर दुख्ने समस्याको सम्भावना २६ प्रतिशतले बढाउने देखाएको छ ।

चिकित्सकहरूका अनुसार बालबालिकामा कम्मरको तल्लो भाग दुख्ने समस्या बढ्दै गएको छ। यो समस्या गलत तरिकाले बस्नु, लामो समयसम्म एउटै स्थितिमा बस्नु र शारीरिक गतिविधिको कमीका कारण हुन्छ। स्क्रिनको अगाडि बस्दा बालबालिकाहरू प्रायः झुकेर वा गलत स्थितिमा बस्छन् जसले गर्दा मेरुदण्ड र आसपासका मांसपेशीमा असामान्य दबाब पर्छ।

यो दबाबले समयसँगै दुखाइ र अन्य समस्या निम्त्याउन सक्ने प्रतिबेदनमा भनिएको छ। विश्व स्वास्थ्य संगठनले बालबालिकाहरूको स्क्रिन समय दैनिक २ घण्टाभन्दा कम राख्न सिफारिस गरेको छ। तर, नेपालका धेरै बालबालिकाहरू यो सीमाभन्दा धेरै समय स्क्रिनको अगाडि बिताइरहेका छन्। स्वास्थ्य विशेषज्ञहरूले बाल बालिकाहरूलाई नियमित शारीरिक गतिविधिमा संलग्न गराउन, उचित बस्ने तरिका सिकाउन र स्क्रिन समय सीमित गर्न सुझाव दिएका छन्।

# जनकपुर पुगेका बालेनले माघ ५ गतेको सभामा सहभागी हुन गरे आग्रह

जनकपुरधाम, ४ माघ। काठमाडौं महानगरपालिकाका मेयर पदबाट आइतबार राजीनामा दिएका बालेन्द्र शाह साँझ जनकपुर पुगेका छन्। उनले समर्थकहरूलाई माघ ५ गते धनुषाको जनकपुरधाममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आयोजना गर्ने सभामा उपस्थित हुन आग्रह गरेका छन्। जनकपुर विमानस्थलमा भेला भएका समर्थकहरूलाई सम्बोधन गर्दै शाहले भने, 'अहिले भर्खरै यहाँ आइपुगेर तपाईंहरूलाई भेट्न पाउँदा एकदमै खुसी लागेको छ। साह्रै माया लागेको छ।' उनले आफूहरू पनि भर्खरै आइपुगेको बताउँदै भोलिको कार्यक्रमका लागि थोरै योजना बनाउनुपर्ने र त्यसको व्यवस्थापनको विषयमा बुझ्नुपर्ने जानकारी दिए। उनले थपे, 'धनुषा जिल्ला प्रहरी प्रमुखसँग जिल्लामा आफ्नो कार्यक्रमको व्यवस्थापनको विषयमा कुरा गर्नेछौँ।'

शाहले समर्थकहरूलाई शान्त रहन आग्रह गर्दै भने, 'धेरै केही भन्न चाहन्न, भोलि फेरि भेटौँला। आजको लागि नआत्तिकन शान्त भएर बसिदिनू। भोलि कार्यक्रमस्थलमै सबै जना आउनुहोला।' मेयर पदबाट राजीनामा दिएलगत्तै बालेन रास्वपाको घण्टीघरस्थित कार्यालय पुगेका थिए। त्यहाँ उनले पार्टीको वरिष्ठ नेताको पदभार ग्रहण गरेपछि सीधै जनकपुरतर्फ लागेका थिए। आइतबार साँझ जनकपुर विमानस्थलमा पुग्दा उनका समर्थकहरूले बालेन्द्र शाहको पक्षमा चर्को नाराबाजी गरेका थिए। रास्वपाले माघ ५ गते धनुषाको जनकपुरधाममा बृहत सभा आयोजना गर्दै छ। शाहले यही सभामा सहभागी हुन सबैलाई आग्रह गर्दै विमानस्थलमा संक्षिप्त प्रतिक्रिया दिएका हुन्।

# धरानमा बस दुर्घटना : ५ जनाको ज्यान गयो

काठमाडौं, ४ माघ। सुनसरीको धरानमा रहेको जिरो पोइन्टमा बस दुर्घटना हुँदा ५ जनाको ज्यान गएको छ। धनुषाको जनकपुरबाट धरानको भेडेटार घुम्न आएको टोली बोकेको बस दिउँसो दुर्घटना भएको हो। दुर्घटनामा ३ पुरुष र २ महिला गरि ५ जनाको ज्यान गएको इलाका प्रहरी कार्यालय धरानका डीएसपी भीषणबाबु राईले उज्यालोलाई जानकारी दिनुभयो। ज्यान गुमाउनेको परिचय खुलिसकेको छैन।

दुर्घटनामा ८ जना घाइते भएका छन्। घाइतेमध्ये ७ जनाको अवस्था गम्भीर छ। उनीहरूको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको प्रहरीले जनाएको छ। को १ ख ७११९ नम्बरको बस आज दिउँसो ब्रेक फेल हुँदा सडक छेउमा हिँडिरहेका पैदलयात्रुलाई पनि ठक्कर दिएको र सडक किनारमै पल्टिएको डीएसपी राईले बताउनुभयो। दुर्घटनालगत्तै धरान-धनकुटा सडक केही समय अवरुद्ध भएको थियो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# अत्यधिक मदिरा सेवनले दुई महिनामा सात जनाको मृत्यु



**जीवछ यादव**

लहान, माघ ४ गते। लहान नगरपालिका–१ मटियर्वा (कटियर्वा) क्षेत्रमा पछिल्लो दुई महिनामा अत्यधिक मदिरा सेवनका कारण सात जनाको मृत्यु भएको छ। मृत्यु हुने सबै ४० वर्षभन्दा कम उमेरका युवक तथा पुरुष रहेको स्थानीयले बताएका छन्। मृत्यु हुनेहरूमा २७ वर्षीय जितेन्द्र सदाय, २७ वर्षीय सञ्जय सदाय, ३० वर्षीय नथुनी सदाय, ५५ वर्षीय कलरु सदाय, ४० वर्षीय नन्दा सदाय, ४० वर्षीय चैती सदाय र ५५ वर्षीय पतिराम सदाय रहेका छन्।

पुस २५ गते राति करिब ९ बजे २७ वर्षीय जितेन्द्र सदायको मृत्यु भएको थियो। मृतकका श्रीमती इन्दु सदाय र १ वर्षीया छोरी आरोसी सदायको पालन–पोषण कसले गर्ने भन्ने चिन्ता स्थानीय महिलाहरूले व्यक्त गरेका छन्। स्थानीय महिलाहरूले सामूहिक रूपमा भने, “आफ्नै जग्गामा घर छैन, जीविकोपार्जनको कुनै स्थायी आधार छैन। चिसो मौसममा पर्याप्त न्यानो लुगा नलगाई अत्यधिक मदिरा सेवन गर्दा ४० वर्ष नपुग्दै मृत्यु भइरहेको छ।” रञ्जु देवी सदायका अनुसार लहान नगरपालिका–१ र २ का करिब ३०० घरधुरी रहेको मुसहर बस्तीमा पुरुषहरू दिनभरि कमाएको पैसा अवैध रूपमा सञ्चालन भइरहेका भट्टीहरूमा मदिरा सेवनमा खर्च गर्ने र राति खाली हात घर फर्किने गरेका छन्। “बाँचुन्जेल घरेलु हिंसा सहनुपर्छ, मरेपछि विधवा भएर जीवन बिताउनुपर्छ,” उहाँले गुनासो गर्नुभयो। मदिरा बिक्रीमा रोक नलगाए बस्ती युवकविहीन हुने खतरा रहेको उहाँको भनाइ छ।

मुसहर बस्तीमा मृत्यु भएपछि लहान नगरपालिकाले एक क्विन्टल चामल, शव दाहसंस्कारका लागि चार क्विन्टल दाउरा र पाँच हजार रुपियाँ नगद सहयोग गर्नु सकारात्मक भए पनि, मृत्युको मूल कारण रहेका चिसो र मदिरा नियन्त्रणतर्फ समयमै ध्यान नदिएको स्थानीय सोमनी देवी सदायले बताउनुभयो। उहाँका अनुसार चिसो मौसम सुरु हुनुअघि नै न्यानो लुगा वितरण र मदिरा बिक्रीमा पूर्ण रोक आवश्यक छ। केही दिनअघि २५ वर्षीय सञ्जीव सदायको मृत्यु हुँदा राहत लिएर आउनुभएका नगरप्रमुख महेश प्रसाद चौधरीसमक्ष मदिरा बिक्रीमा रोक लगाउन सामूहिक माग गरिएको गीता देवी सदायले जानकारी दिनुभयो। नगरप्रमुखले लिखित निवेदन आएपछि मदिरा बिक्री रोक्ने आश्वासन दिएको उहाँले बताउनुभयो। यद्यपि पुस ९ गते नै वडा कार्यालयमा निवेदन दिँदा पनि कुनै सुनुवाइ नभएको स्थानीय महिलाहरूको गुनासो छ।

यस विषयमा नगरप्रमुख महेश प्रसाद चौधरीले भन्नुभयो, “मदिरा बिक्री रोक्न वडा कार्यालयबाट निवेदन नगरपालिकामा आउनेबित्तिकै इलाका प्रहरी कार्यालय लहानसँग समन्वय गरेर आवश्यक कदम चालिन्छ।” लहान क्षेत्रमा करिब २० हजारको सङ्ख्यामा रहेको मुसहर समुदायमा चिसो र अत्यधिक मदिरा सेवनका कारण ४० वर्ष नपुग्दै मृत्यु हुनु गम्भीर मानवीय संकट भएको मानव अधिकारकर्मी राजकुमार राउतले बताउनुभयो। उहाँले यस्ता बस्तीको संरक्षणका लागि स्थानीय सरकारले तत्काल पहल गर्नुपर्ने माग गर्नुभयो।

# सामुदायिक क्याम्पसलाई एक करोड सहयोगको घोषणा



**मणिलाल विश्वकर्मा**

लहान, ४ माघ। सप्तरीको सुरुंगा नगरपालिका–१ मा रहेको शिशुवारी क्याम्पसको स्तरोन्नतिका लागि स्थानीयसमेत रहेका प्रतिष्ठित उद्योगपति वीरेन्द्र न्यौपानेले एक करोड रुपैयाँ आर्थिक सहयोगको घोषणा गरेका छन्। १४ वर्षदेखि चन्दाको भरमा चलिरहेको क्याम्पसमा शिशुवारीसहित छिमेकी जिल्लाका बहुसंख्यक छोरीबुहारीहरू पढ्दै आएका छन्। क्याम्पस हाल सञ्चालन भइरहेकाबाहेकका विषयसमेत अध्ययन अध्यापनका लागि उद्योगपति न्यौपानले दिवंगत श्रीमती कमला न्यौपानेको नाममा उक्त रकम सहयोग गर्ने घोषणा गरेका हुन्।

घरायसी आर्थिक अवस्था, पारिवारिक समस्यालगायतका कारणले गाउँबाहिर बसेर अन्य विषय पढ्न नसकिरहेका युवा, छोरीबुहारीहरूका लागि सहयोग राशिले ठुलो राहत पुग्ने क्याम्पस सञ्चालक समितिका अध्यक्ष छत्रबहादुर राउत (राजकुमार)ले बताए। क्याम्पसले स्थापनादेखि नै शिक्षा संकायतर्फ चारवर्षे स्नातक तह सञ्चालन गरिहेको छ। सहयोगपछि वाणिज्यसहित अन्य विषय पनि सम्बन्धन लिने अध्यक्ष राउतले बताए। उनका अनुसार दाताले क्याम्पसको स्तरोन्नतिका लागि भविष्यमा पनि आवश्यकताअनुसार सहयोग गर्ने प्रतिबद्धता जनाएकाले सञ्चालक समितिसहित स्थानीय अभिभावकको भेलाले क्याम्पसको नाम परिवर्तन गरी ‘शिशुवारी कमला न्यौपाने क्याम्पस’ राख्ने निर्णय पनि छ।

सुरुंगा–२ का पूर्ववडाध्यक्ष राजन थापाले बाल्यकाल शिशुवारी क्षेत्रमै बिताएका उद्योगपति न्यौपानेले घोषणा गरेको आर्थिक सहयोगले आगामी दिनमा क्याम्पस चलाउन घरदैलो चन्दा संकलन अभियान चलाउनुपर्ने बाध्यता हटेको बताए।

**ग्रामीण क्षेत्रको अब्बल क्याम्पस**

१५ साउन ०६९ मा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएर नेपाली, अंग्रेजी र जनसंख्या विषयमा औपचारिक पठनपाठन सुरु गरेको क्याम्पसबाट अहिलेसम्म नौ ब्याचमा तीन सय चारजना छोरीबुहारी र १९८ जना युवाले स्नातक तह उत्तीर्ण गरी सकेका छन्। कैयनले विभिन्न पेसा व्यवसायसहित शिक्षण, निजामती सेवामा नाम निकालेको क्याम्पस प्रमुख कृष्णप्रसाद तिम्सिनाले बताए। उनका अनुसार क्याम्पसमा छिमेकी उदयपुरको त्रियुगा, रौतामाई, उदयपुरगढी, बेलका, लिम्चुङबुङ, मोरङको लेटाङ, सुनसरीको इटहरीलगायतका बहुसंख्यक छात्रा पढिरहेका छन्।

# सञ्चारकर्मीसँग निर्वाचन आचारसंहिता सम्वन्धि छलफल

सिरहा, ४ माघ। आसन्न प्रतिनिधीसभा सदस्य निर्वाचन २०८२लाई लक्षित गर्दै सिरहास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले पत्रकारहरुसँग निर्वाचन आचारसंहिता सम्वन्धि छलफल गरेको छ। ठिक समयमा सहि सूचना कसरी प्रवाह गर्न सकिन्छ? भन्ने उदेश्यसहित मुख्य निर्वाचन अधिकृतको कार्यालय सिरहाले पत्रकारहरुसँग छलफल गरेको हो।



गतल सूचना प्रवाहकाकारण निर्वाचनका समयमा अप्रिय घटना निम्तिनसक्ने हुँदा सूचना प्रवाहमा सजगता अपनाउन मुख्य निर्वाचन अधिकृत डाक्टर प्रकाश उप्रेतिले आग्रह गरे। उनले भने, ‘निर्वाचनका समयमा आचार संहिताको विषयले बढी प्रभावित हुन्छ। त्यसमा हामीसवैले ख्याल गर्नु पर्छ।’ उनले हामी नेपालको संविधान, कानुन र निर्वाचन कानुनप्रति प्रतिबद्ध रहेको समेत बताए। उनले भने, ‘हामी निश्पक्ष, भयरहित तथा शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउन चाहन्छौं। कसैको पक्ष–विपक्ष भन्दापनि हामी नेपालको संविधान, कानुन र निर्वाचन कानुनप्रति प्रतिबद्ध छौं।’

सिरहामा प्रतिनिधीसभाको ४ वटा निर्वाचन क्षेत्र रहेका छन्। निर्वाचन कार्याक्रम सहजरुपमा सञ्चालन गर्न चारवटै निर्वाचन क्षेत्रको छुट्टाछुट्टै कार्यालय स्थापना गरिएको छ। क्षेत्र नम्वर १ को लागि लहानस्थित भुसंरक्षण कार्यालय, २ को धनगढीमाई नगरपालिकाको प्रशाकीय भवन, ३ को कार्यालय सिरहा नगरपालिकाको प्रशासकीय भवन र क्षेत्र नम्वर ४ को कार्यालय मिर्चैयास्थित नेपाल रेडक्रस भवनमा स्थापना गरिएको छ।

जिल्लामा कुल संख्या चार लाख ५३ हजार ६४५ मतदाता रहेको छ। निर्वाचन सम्पन्न गर्नको लागि २२३ मददान स्थल र ५३१ निर्वाचन केन्द्र निर्धारण गरिएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकार को हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।**

- आगो तथा हीटर नजिकबाट नतापौं।
- कागज, कपडाजस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरनजिक नराखौं।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- बालबालिका, वृद्ध वा बिरामीलाई आगो वा हीटरनजिक एक्लै नछोडौं।
- घर तथा कार्यालयमा अग्निनियन्त्रक उपकरण राखौं।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)